apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १६८ ● पृष्ठ: ४ ● २१ असार २०८३ आइतबार (05 July 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




समाचार पृष्ठ ४ मधेश सरकार टुक्रे र खुद्रे योजनाको भुमरीमा

# कागजी प्रमाणकै भरमा मात्र धेरैले कैद जीवन बिताइरहेका छन्: मुख्यमन्त्री यादव

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २० गते**




कानुनी ज्ञानको अभावका कारण अदालतहरूमा मुद्दाको चाप बढ्दै गएको मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले बताएका छन्।

मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशले जनकपुरधाममा आयोजना गरेको 'समसामयिक तथा संवैधानिक कानुनी सवालमा छलफल तथा अन्तरक्रिया' कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले कानुनसम्बन्धी पर्याप्त जानकारी नहुँदा धेरै नागरिक अनजानमै कानुन उल्लङ्घन गर्ने अवस्थामा पुग्ने गरेको उल्लेख गरेका हुन्।

नेपाल अझै पूर्ण रूपमा कानुनी रूपमा सचेत समाज बन्न नसकेको भन्दै उनले प्रत्येक नागरिकमा कानुनी शिक्षा र चेतना विस्तार गर्न आवश्यक रहेको धारणा राखे। जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुनअनुसार कारबाही हुनुपर्ने भए पनि सामान्य प्रकृतिका गल्तीका घटनामा व्यवहारिक पक्षलाई समेत ध्यान दिनुपर्ने उनको भनाइ थियो। मुख्यमन्त्री यादवले नेपालका कारागारमा रहेका सबै कैदी वास्तविक अर्थमा दोषी नै छन् भन्ने निष्कर्षमा पुग्न नसकिने दाबी गर्दै भने, 'कतिपय व्यक्ति कागजी प्रमाणका आधारमा मात्रै कैद जीवन बिताइरहेको अवस्था छ।'

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले न्याय प्रणालीलाई समयानुकूल बनाउनु आवश्यक रहेको बताए। संविधान समय, समाज र आवश्यकताअनुसार परिमार्जन हुँदै जाने भएकाले कानुन र न्याय प्रणालीमा पनि सोहीअनुसार सुधार र परिवर्तन आवश्यक रहेको उनले औंल्याए। सामाजिक, सांस्कृतिक तथा भाषिक विविधतायुक्त मधेश प्रदेशमा सबै नागरिकको न्यायमा पहुँच सुनिश्चित गर्न न्याय प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्नेमा मन्त्री महतोले जोड दिए।

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुनिल रञ्जन सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश कुमार

बाँकी पृष्ठ ३ ▸▸

# मधेशमा लागुऔषधविरुद्ध प्रहरीको विशेष अभियान, २० दिनमा ५८ जना पक्राउ




**अपन दैनिक संवाददाता**
**सिरहा, असार २० गते**

मधेश प्रदेशमा लागुऔषधको अवैध कारोबार र ओसारपसार नियन्त्रण गर्न प्रहरीले सञ्चालन गरेको विशेष अभियान प्रभावकारी बन्दै गएको छ। १ असारदेखि २० गतेसम्मको २० दिनमा प्रदेशका आठवटै जिल्लाबाट ५८ जना पक्राउ परेका छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा सिरहाबाट सबैभन्दा धेरै १५ जना रहेका छन् । त्यसपछि पर्साबाट ११, धनुषाबाट १०, महोत्तरीबाट ९, बाराबाट ५, सप्तरी र सर्लाहीबाट ३/३ तथा रौतहटबाट २ जना पक्राउ परेका छन्।

अभियानका क्रममा पक्राउ परेका व्यक्तिहरूको साथबाट गाँजा, ब्राउन सुगर (खैरो हिरोइन) तथा विभिन्न प्रकारका लागुऔषधजन्य ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद लागुऔषधको परिमाण र त्यसको सञ्जालबारे थप अनुसन्धान जारी रहेको छ।

प्रहरीले पक्राउ परेका सबैविरुद्ध लागुऔषध सम्बन्धी कसुरअन्तर्गत कानुनी प्रक्रिया अघि बढाइसकेको जनाएको छ।

साथै, प्रदेशभर फैलिएको लागुऔषधको अवैध कारोबार, ओसारपसार तथा दुरुपयोग नियन्त्रणका लागि विशेष अभियानलाई अझ प्रभावकारी र सशक्त बनाउँदै लैजाने प्रतिबद्धता पनि प्रहरीले व्यक्त गरेको छ।

# सरकारले सय दिनमा नीतिगत सुधार र सुशासनमा उल्लेखनीय सुधार गरेको छ: प्रवक्ता पोखरेल

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २० गते**



दुई तिहाइ नजिकको संसदीय बलसहित गठन भएको सरकारले जनअपेक्षाअनुरुप परिणाम दिन नसकेको भनेर आलोचना भइरहेका बेला सरकारले भने सय दिनलाई 'उपलब्धिमूलक' भएको दाबी गरेको छ।

वालेन्द्र शाह नेतृत्वमा सरकार गठन भएको सय दिन पूरा भएको अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा शिक्षामन्त्रीसमेत रहेका सरकारका प्रवक्ता सस्मित पोखरेलले प्रशासनिक सुधार, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, कानुनी सुधार, सार्वजनिक सेवा प्रवाह तथा आर्थिक क्षेत्रमा उल्लेखनीय नीतिगत उपलब्धि हासिल गरिएको विवरण प्रस्तुत गरेका हुन्।

सरकारले छोटो अवधिमै प्रशासनिक खर्च कटौती, भ्रष्टाचार तथा वित्तीय अपराधविरुद्धका अनुसन्धान, सार्वजनिक जमिनको संरक्षण, डिजिटल सेवा विस्तार र कानुन निर्माणका क्षेत्रमा भएका पहललाई सय दिनको उपलब्धिका रुपमा लिएको छ।

सरकारले मन्त्रिपरिषद्को पहिलो बैठक १३ चैत २०८२ मा शासकीय सुधारका एक सय कार्यसुची सार्वजनिक गरेको थियो। दीर्घकालीन शासकीय रुपान्तरणको आधार निर्माण गर्ने उद्देश्यले पहिलो वर्षलाई शासकीय सुधारको आधार वर्षका रुपमा अघि बढाउने सरकारको प्रतिबद्धता थियो।

सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका कामलाई प्राथमिकता राखिएको जनाएको छ । मन्त्री पोखरेलले ०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पदधारण गरेका राजनीतिक पदाधिकारी र उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्न गठन गरिएको आयोगले हालसम्म ११ हजारभन्दा बढी सम्पत्ति विवरण र उजुरी संकलन गरेको बताए।

त्यसैगरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत वित्तीय अपराध र अवैध सम्पत्ति आर्जनसम्बन्धी अनुसन्धानलाई तीव्र बनाइएको उल्लेख छ। मन्त्री

बाँकी पृष्ठ ४ ▸▸

# सिरहा-धनुषा जोड्ने कमल पुलको बारेमा कवि सम्मेलन, उत्कृष्टलाई पुरस्कार



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २० गते**

राणाकालदेखि नै निर्माणाधीन अवस्थामा रहेको तराई-मधेसको मेरुदण्ड हुलाकी सडक र त्यसमा पर्ने पुलहरूको जीर्ण अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउन सिरहामा राष्ट्रिय बहुभाषिक कवि सम्मेलनको आयोजना गरिने भएको छ।

हुलाकी सडक सङ्घर्ष समितिको अगुवाइमा आगामी साउन २ गते शनिबार सिरहाको बरियारपट्टीस्थित श्री जनता माध्यमिक विद्यालयमा सो सम्मेलन हुन लागेको हो।

विगत १० वर्षदेखि सिरहावासीले सिरहा-धनुषा जोड्ने कमला नदीमा पुल निर्माणका लागि शान्तिपूर्ण जुलुस, सडक जाम, घेराउ, विज्ञप्ति र आमरण अनसनसम्मका सङ्घर्षका कार्यक्रमहरू गर्दै आएका छन्। तर

बाँकी पृष्ठ ३ ▸▸

# हुण्डी कारोबार: पर्सामा तीन वर्षमै डेढ करोडभन्दा बढी रकम बरामद

**अपन दैनिक संवाददाता**
**पर्सा, असार २० गते**



नियमित रूपमा पक्राउ र कानुनी कारबाही भइरहे पनि पर्सामा अवैध हुण्डी कारोबारमा उल्लेख्य कमी आएको देखिएको छैन। पछिल्ला तीन आर्थिक वर्षको पर्सा प्रहरी तथ्यांकले पक्राउ पर्ने व्यक्ति र बरामद रकमको आधारमा हुण्डी कारोबार निरन्तर भइरहेको देखाएको छ।

पर्सा प्रहरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत हुण्डी कारोबारसम्बन्धी मुद्दामा अनुसन्धान र कारबाही जारी रहेको दाबी गर्छ। पक्राउ पर्ने अधिकांश व्यक्ति रकम ओसारपसार गर्ने भरिया हुने गरेका छन् भने कारोबार सञ्चालन गर्ने मुख्य गिरोहसम्म पुग्न भने चुनौती कायमै छ।

भारत पुगेको नेपाली रुपैयाँ विभिन्न व्यक्तिमार्फत पुन: नेपाल भित्र्याएर अवैध रूपमा कारोबार गरिने गरेको छ। खुला सीमा र अनौपचारिक माध्यमको प्रयोगका कारण यस्तो कारोबार नियन्त्रण गर्न कठिनाइ भइरहेको उनीहरूको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय पर्साको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षमा हुण्डी कारोबारसम्बन्धी ७ मुद्दा दर्ता भएका थिए। ती घटनामा ११ जना पक्राउ परेका थिए भने ६२ लाख ८१ हजार ५ सय रुपैयाँ बरामद गरिएको थियो।

गत अर्थिक वर्षमा ८ मुद्दा दर्ता हुँदा ९ जना पक्राउ परेका थिए। उक्त अवधिमा ६६ लाख ७४ हजार रुपैयाँ बरामद भएको थियो। चालु आर्थिक वर्षमा हाल सम्म ८ वटा मुद्दा दर्ता भइसकेका छन्। ती घटनामा १२ जना पक्राउ परिसकेका छन् भने ५३ लाख २१ हजार ४ सय ७० रुपैयाँ बरामद भएको प्रहरीको तथ्यांक छ।

तथ्यांकले प्रत्येक वर्ष हुण्डीसम्बन्धी मुद्दा र पक्राउको संख्या लगभग उस्तै देखिएको छ। बरामद रकम पनि उच्च रहेकाले नियन्त्रणका प्रयास हुँदाहुँदै अवैध हुण्डी कारोबार प्रभावकारी

बाँकी पृष्ठ ३ ▸▸



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### तस्करी र संदेहमा प्रहरी भूमिका

नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै तस्करी हुँदै आएको छ । सिरहामा पनि दिन र रात दुवै समयमा विभिन्न नाकाहरू हुँदै अवैध रूपमा सामान भित्रिने गरेको छ। बेलाबेला प्रहरीले केही सामान बरामद गरेको समाचार सार्वजनिक भएपनि तस्करीको वास्तविक अवस्था हेर्दा यस्ता कारबाही पर्याप्त देखिँदैनन्। यसैले प्रहरीको भूमिका र प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्न थालेका छन्। तस्करी नियन्त्रण गर्ने पहिलो जिम्मेवारी सीमामा खटिएका सुरक्षा निकायको हो । तर, तस्करी लामो समयसम्म निरन्तर भइरहनु, स्थानीय तहमा त्यसबारे खुलेआम चर्चा हुनु र तस्करहरू निर्भीक रूपमा सक्रिय रहनुले कतै न कतै सुरक्षा संयन्त्रको कमजोरी वा संलग्नताको आशंका जन्माएको छ। केही सामान बरामद हुनु मात्र सफलताको सूचक हुन सक्दैन । यसले हात्तीका खाने र देखाउने दाँत फरक भन्ने उखानलाई नै सम्झाउने अवस्था छ।


गृहमन्त्री सुदन गुरुङले सीमावर्ती क्षेत्रमा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष रूपमा, परिचयसमेत नखुलाई तस्करीबारे सूचना संकलन गर्नु आफैंमा एउटा महत्वपूर्ण संकेत हो । यसले सरकारी संयन्त्रले समेत स्थानीय तहका सुरक्षा निकायबाट प्राप्त हुने सूचनामाथि पूर्ण विश्वास गर्न नसकेको सन्देश दिन्छ। यदि सबै निकाय प्रभावकारी रूपमा आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका हुन्थे भने यस्तो शैलीमा सूचना संकलन गर्नुपर्ने आवश्यकता सायद पर्दैनथ्यो। त्यसो त प्रहरी संगठनका सम्पूर्ण सदस्यलाई एउटै दृष्टिले हेर्नु न्यायोचित हुँदैन । इमानदारीपूर्वक कर्तव्य निर्वाह गर्ने प्रहरी कर्मचारी पनि छन्। तर केही व्यक्तिको गैरजिम्मेवारी, लापरवाही वा सम्भावित मिलेमतोले समग्र संगठनको विश्वसनीयतामा आँच पुऱ्याउँछ। त्यसैले प्रहरी नेतृत्वले यस्ता आशंकालाई सामान्य टिप्पणीका रूपमा होइन, संगठनको साखसँग जोडिएको गम्भीर चुनौतीका रूपमा लिनुपर्छ।

तस्करी नियन्त्रणका लागि बेला-बेलामा गरिने बरामदगी पर्याप्त हुँदैन। सीमामा निगरानी प्रभावकारी बनाउने, प्रहरीको आन्तरिक अनुगमन कडा गर्ने, शंकास्पद गतिविधिमाथि निष्पक्ष छानबिन गर्ने, दोषी देखिए कसैलाई पनि उन्मुक्ति नदिने तथा स्थानीय नागरिकसँग विश्वासमा आधारित सूचना संयन्त्र विकास गर्ने काम अपरिहार्य छ। साथै, सीमावर्ती क्षेत्रमा कार्यरत सुरक्षाकर्मीको नियमित सरुवा, प्रविधिको प्रयोग र जवाफदेहिता बढाउने व्यवस्था पनि उत्तिकै आवश्यक छ। राज्यको कानुन कार्यान्वयन गर्ने निकायप्रति जनविश्वास लोकतन्त्रको महत्वपूर्ण आधार हो । यदि प्रहरीमाथि नै तस्करीसँग जोडिएको शंका बढ्दै गयो भने त्यसले कानुनी शासन कमजोर बनाउने मात्र होइन, संगठित अपराधलाई पनि प्रोत्साहन गर्नेछ। त्यसैले सिरहालगायत सबै सीमावर्ती क्षेत्रमा निष्पक्ष छानबिन गर्दै प्रहरी संगठनले आफ्नो पारदर्शिता, व्यावसायिकता र जनविश्वास कायम राख्नुपर्छ। तस्करी नियन्त्रणको सफलता केवल सामान बरामद गर्नमा होइन, तस्करीको सञ्जाल नै अन्त्य गर्नमा मापन हुनुपर्छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# वैकल्पिक राजनीतिको नियति



## विकल्पको यात्रा

किन नेपाली राजनीतिमा विकल्पको खोजी बारम्बार हुन्छ ? र किन ती विकल्पहरु आफैं समयसँगै संकटमा पर्छन् ? यसको उत्तर केवल निर्वाचनको अंकगणितमा छैन । यसको उत्तर हाम्रो राजनीतिक संस्कार, दलहरुको संगठनात्मक क्षमता, नेतृत्व शैली, वैचारिक स्पष्टता र लोकतान्त्रिक अभ्यासमा लुकेको छ ।



भुपेन्द्र थापा

नेपालमा वैकल्पिक राजनीतिक शक्तिहरूको उदय र पतनको इतिहास र वर्तमान यथार्थता नेपालको राजनीतिक इतिहासलाई नियाल्दा एउटा रोचक तर गम्भीर तथ्य देखिन्छ। जबजब स्थापित राजनीतिक शक्तिहरू जनअपेक्षा पूरा गर्न असफल भएका छन्, तबतब नयाँ राजनीतिक शक्तिहरूको उदय भएको छ।

२००७ सालको राजनीतिक परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि समेत नेपाली जनताले पटकपटक नयाँ विकल्पको खोजी गरेका छन् । यसले नेपाली समाज परिवर्तनविरोधी होइन, बरु परिवर्तनप्रेमी समाज हो भन्ने प्रमाणित गर्छ। तर अर्को यथार्थ पनि त्यत्तिकै स्पष्ट छ- नेपालमा नयाँ राजनीतिक दल जन्मिन सजिलो छ, तर त्यसलाई दीर्घकालीन, विश्वासिलो र संस्थागत शक्तिका रूपमा स्थापित गर्नु अत्यन्त कठिन छ।

पछिल्ला केही वर्षमा यो बहस झन् सान्दर्भिक बनेको छ । परम्परागत दलहरूप्रति बढ्दो जनअसन्तुष्टि, सुशासनको अभाव, भ्रष्टाचार, बेरोजगारी, महँगी, युवाको तीव्र विदेश पलायन, राजनीतिक अस्थिरता र राज्यप्रतिको घट्दो विश्वासले नयाँ राजनीतिक शक्तिहरूको उदयका लागि उर्वर वातावरण सिर्जना गऱ्यो। जनताले विकल्प खोजे, किनभने उनीहरू परिवर्तनको भाषण होइन, परिवर्तनको अनुभूति चाहन्थे।

तर प्रश्न उठ्छ- किन नेपाली राजनीतिमा विकल्पको खोजी बारम्बार हुन्छ ? र किन ती विकल्पहरू आफैं समयसँगै संकटमा पर्छन् ? यसको उत्तर केवल निर्वाचनको अंकगणितमा छैन। यसको उत्तर हाम्रो राजनीतिक संस्कार, दलहरूको संगठनात्मक क्षमता, नेतृत्व शैली, वैचारिक स्पष्टता र लोकतान्त्रिक अभ्यासमा लुकेको छ।

नेपालका अधिकांश नयाँ दल जनअसन्तुष्टिको लहरमा जन्मिएका छन् । उनीहरूले पुराना दलका कमजोरीलाई आफ्नो राजनीतिक आधार बनाएका छन्। भ्रष्टाचारविरोध, सुशासन, पारदर्शिता, जवाफदेहिता र नयाँ पुस्ताको नेतृत्व जस्ता एजेन्डाले उनीहरूलाई लोकप्रिय बनाएको छ। तर लोकप्रियता र स्थायित्व एउटै कुरा होइन। जनताको विश्वास जित्नु एउटा उपलब्धि हो, तर त्यसलाई दशकौंसम्म कायम राख्नु अर्को ठूलो चुनौती हो।

यहाँबाट वैकल्पिक शक्तिहरूको वास्तविक परीक्षा सुरु हुन्छ । पहिलो चुनौती हो- व्यक्तिकेन्द्रित राजनीतिबाट संस्थामुखी राजनीतिमा रूपान्तरण । नेपालमा धेरै नयाँ दलहरू कुनै एक प्रभावशाली व्यक्तिको लोकप्रियतामा उभिन्छन् । निर्वाचनमा त्यो प्रभाव उपयोगी हुन सक्छ, तर संस्थागत विकासका लागि विचार, विधान, प्रक्रिया र सामूहिक नेतृत्व आवश्यक हुन्छ।

व्यक्ति कमजोर हुँदा दल पनि कमजोर हुने अवस्था लोकतान्त्रिक संस्थाको होइन, व्यक्तिवादी संस्कारको संकेत हो। दोस्रो चुनौती हो- वैचारिक स्पष्टता । धेरै वैकल्पिक दलले आफूलाई पुराना दलको विकल्पका रूपमा प्रस्तुत गर्छन्, तर उनीहरूको आर्थिक नीति के हो ? कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, परराष्ट्र नीति वा संघीयताको विषयमा दीर्घकालीन दृष्टिकोण के हो ? यस्ता प्रश्नमा स्पष्टता नहुँदा दलहरू आन्दोलनमा प्रभावशाली देखिए पनि शासन सञ्चालनमा अलमलिन्छन्। विरोधले चुनाव जित्न सक्छ, तर देश चलाउन दृष्टिकोण चाहिन्छ।

तेस्रो चुनौती हो- संगठन निर्माण। नेपालको राजनीतिक इतिहासले देखाएको छ कि बलियो संगठनबिनाको दल लामो समय टिक्न सक्दैन । चुनावी लहरले संसद् पुग्न सकिएला, तर गाउँदेखि केन्द्रसम्म विचार, अनुशासन र जिम्मेवारी बोकेको संगठन निर्माण गर्न समय, धैर्य र निरन्तरता चाहिन्छ। संगठन कमजोर हुँदा जनसम्पर्क कमजोर हुन्छ, कार्यकर्ता निराश हुन्छन् र दलको भविष्य अनिश्चित बन्छ।

चौथो चुनौती हो- आन्तरिक लोकतन्त्र । लोकतन्त्रको कुरा गर्ने दलले आफ्नै घरभित्र लोकतान्त्रिक अभ्यास गर्न सकेन भने उसको नैतिक आधार कमजोर हुन्छ। फरक विचारलाई सम्मान गर्ने, आलोचनालाई स्थान दिने, नेतृत्व परिवर्तनलाई सहज बनाउने र निर्णय प्रक्रियालाई पारदर्शी बनाउने संस्कार विकास नगरेसम्म कुनै पनि नयाँ शक्ति दीर्घकालीन बन्न सक्दैन।

नेपालको अनुभव मात्र होइन, विश्व राजनीतिले पनि यही शिक्षा दिएको छ । धेरै देशमा वैकल्पिक राजनीतिक आन्दोलन जनताको असन्तुष्टिबाट जन्मिए, तर संस्थागत रूप लिन नसक्दा हराए । अर्कोतर्फ, जसले विचार, संगठन र लोकतान्त्रिक संस्कारलाई बलियो बनाए, ती दलहरू राष्ट्रिय राजनीतिको स्थायी शक्ति बने । त्यसैले विकल्पको सफलता केवल जनलहरमा होइन, संस्थागत परिपक्वतामा निर्भर हुन्छ।

नेपालको निर्वाचन प्रणाली, राजनीतिक वित्तीय संरचना, दलहरूको पुरानो संगठनात्मक सञ्जाल र राज्यसत्तामा स्थापित पहुँच पनि नयाँ दलहरूका लागि चुनौती हुन् । पुराना दलसँग दशकौंको संगठन, कार्यकर्ता, स्रोत र अनुभव हुन्छ। नयाँ दलसँग ऊर्जा र आशा हुन्छ। तर ऊर्जा मात्र पर्याप्त हुँदैन; त्यसलाई रणनीति र संस्थागत क्षमतामा रूपान्तरण गर्नुपर्छ।

अर्को महत्वपूर्ण पक्ष नेपाली मतदाताको मनोविज्ञान हो। नेपाली जनता परिवर्तन चाहन्छन्, तर अस्थिरता चाहँदैनन्। उनीहरू नयाँ दललाई अवसर दिन तयार हुन्छन्, तर परिणाम नआए विश्वास पनि छिट्टै फिर्ता लिन्छन्। त्यसैले वैकल्पिक शक्तिले आशा जगाउने मात्र होइन, आशालाई परिणाममा बदल्न सक्नुपर्छ।

यहीँ परम्परागत दलहरूको जिम्मेवारी पनि जोडिन्छ । नयाँ दलहरूको उदयलाई केवल 'लहर' भनेर खारेज गर्नु समाधान होइन । यदि पुराना दलहरूले आत्मसमीक्षा, सुशासन, पुस्तान्तरण, आन्तरिक लोकतन्त्र र जनउत्तरदायित्वलाई व्यवहारमा उतार्न सकेनन् भने विकल्पको खोजी झन् तीव्र हुनेछ । लोकतन्त्रमा विकल्पलाई रोक्न सकिँदैन; विकल्प जन्माउने कारण हटाउन मात्र सकिन्छ।

आज नेपालको राजनीतिक संकट दलहरूको मात्र होइन, राजनीतिक संस्कारको संकट हो। समस्या केवल नेतृत्व परिवर्तनको होइन, नेतृत्व गर्ने शैली परिवर्तनको हो। केवल अनुहार फेरिएर राजनीति बदलिँदैन, विचार, व्यवहार, निर्णय प्रक्रिया र सार्वजनिक नैतिकता पनि बदलिनुपर्छ।

वैकल्पिक राजनीतिक शक्ति सफल हुन पाँच आधारभूत सर्त आवश्यक देखिन्छन्- स्पष्ट विचार, बलियो संगठन, संस्थागत नेतृत्व, आन्तरिक लोकतन्त्र र जनउत्तरदायित्व। यीमध्ये कुनै एक पक्ष कमजोर भयो भने दलको दीर्घकालीन भविष्य पनि कमजोर हुन्छ।

नेपालका युवाहरू आज राजनीति छाड्न चाहँदैनन् । उनीहरू भिन्न राजनीति चाहन्छन् । उनीहरू अवसरवादभन्दा उत्तरदायित्व, नाराभन्दा परिणाम, व्यक्तिपूजाभन्दा संस्थागत नेतृत्व र सत्ताभन्दा सुशासन खोजिरहेका छन् । यही परिवर्तनको आकांक्षाले नयाँ शक्तिलाई अवसर दिएको हो । अब त्यो अवसरलाई इतिहास बनाउने कि क्षणिक घटना बनाउने भन्ने निर्णय स्वयं वैकल्पिक शक्तिहरूकै हातमा छ।

**निष्कर्ष:**

नेपालमा नयाँ दलहरूको जन्म लोकतन्त्रको कमजोरी होइन, लोकतन्त्रको जीवन्तता हो । तर उनीहरूको असफलता भने लोकतान्त्रिक संस्कृतिको कमजोरी बन्न सक्छ । त्यसैले आजको आवश्यकता केवल नयाँ दल खोल्नु होइन, नयाँ राजनीतिक संस्कार निर्माण गर्नु हो।

जबसम्म राजनीति विचारभन्दा व्यक्ति, सेवाभन्दा सत्ता, संस्थाभन्दा स्वार्थ र उत्तरदायित्वभन्दा अवसरवादमा केन्द्रित रहन्छ, तबसम्म नयाँ दलहरू जन्मिरहनेछन् र हराइरहनेछन्। तर जुन दिन कुनै वैकल्पिक शक्ति जनविश्वासलाई संस्थागत संस्कार, नीति र सुशासनमा रूपान्तरण गर्न सफल हुन्छ, त्यस दिन मात्र नेपाली राजनीतिले साँच्चै नयाँ युगको सुरुवात गर्नेछ।

नेपाललाई आज नयाँ अनुहारभन्दा धेरै नयाँ राजनीतिक चरित्र चाहिएको छ । र त्यो चरित्र निर्माण गर्ने जिम्मेवारी केवल वैकल्पिक शक्तिको मात्र होइन, सम्पूर्ण राजनीतिक नेतृत्व र सचेत नागरिक समाजको पनि हो। लोकतन्त्रमा विकल्प आवश्यक हुन्छ, तर त्यो विकल्प टिकाइराख्ने आधार भने सत्यनिष्ठा, क्षमता, विचार र जनताप्रतिको उत्तरदायित्व नै हो।

## आजको राशिफल

**मेष :** आत्मविश्वास बलियो रहनेछ। काममा नयाँ जिम्मेवारी आउन सक्छ।

**बृष :** आज धैर्यले तपाईंलाई सफलता दिलाउने दिन हो। आर्थिक पक्ष क्रमशः सुधार हुँदै जानेछ।

**मिथुन :** आज तपाईंको बोली नै सबैभन्दा ठूलो शक्ति बन्नेछ। नयाँ चिनजानबाट फाइदा लिन सक्नुहुन्छ।

**कर्कट :** आज भावनात्मक रूपमा अलि संवेदनशील रहनुहुनेछ। परिवारको साथले मनलाई शान्त बनाउनेछ।

**सिंह :** आज नेतृत्व क्षमता देखाउने अवसर आउन सक्छ। काममा तपाईंको प्रशंसा हुने संकेत छ।

**कन्या :** आज साना-साना कुरामा ध्यान जान सक्छ। काममा गल्ती सुधार्ने राम्रो मौका मिल्नेछ।

**तुला :** आज निर्णय लिन अलि समय लाग्न सक्छ। सन्तुलन राख्न सके सफलता हात लाग्नेछ।

**वृश्चिक :** आज गोप्य कुराहरू बाहिर नल्याउनु राम्रो। काममा धैर्य र रणनीति आवश्यक छ।

**धनु :** आज नयाँ सोच र नयाँ योजना बन्नेछ। यात्राको सम्भावना देखिन्छ।

**मकर :** आज मेहनतको फल देखिन सुरु हुनेछ। जिम्मेवारी बढे पनि सम्हाल्न सक्नुहुन्छ।

**कुम्भ :** आज फरक सोचले तपाईंलाई चिनाउनेछ। नयाँ अवसर अचानक आउन सक्छ।

**मीन :** आज कल्पनाशक्ति बलियो रहनेछ। सिर्जनात्मक काममा सफलता मिल्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# सरकारको सय दिन: धनुषावासीको मिश्रित प्रतिक्रिया, प्रदेश खारेज नगर्न सुझाव

**अधिकांश धनुषावासी बालेन सरकारप्रति असन्तुष्ट नै देखिएका छन् । सरकारले गरेको काम राम्रै भए पनि अपेक्षाअनुसारको नभएको उनीहरुको भनाइ छ ।**



**धनुषा, असार २० गते ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)नेतृत्वमा बनेको सरकारले १०० दिन पूरा गरेको छ। देशभरबाट भारी मत प्राप्त गरेर बनेको सरकारसँग नेपालीहरूले ठूलो अपेक्षा राखेका छन्।

१०० दिनको नीति सार्वजनिक गर्दै अगाडि बढेको सरकारबारे जनताहरूको मिश्रित प्रतिक्रिया छ। मधेश प्रदेशको राजधानीसमेत रहेको जिल्ला धनुषाका सर्वसाधारण, व्यवसायी र अभियन्ताहरूले बालेन्द्र शाह नेतृत्वको सरकारप्रति मिश्रित प्रतिक्रिया दिएका छन्।

अधिकांश धनुषावासी बालेन सरकारप्रति असन्तुष्ट नै देखिएका छन्। सरकारले गरेको काम राम्रै भए पनि अपेक्षाअनुसारको नभएको उनीहरूको भनाइ छ।

रास्वपाले आफ्नो चुनावी अभियानका क्रममा जनकपुरधाममा बालेनले दिएको अभिव्यक्ति र हालको कार्यशैलीप्रति स्थानीय व्यवसायी बढी असन्तुष्ट छन्।

भारतसँगको सीमा नजिक भएका कारण यहाँका सर्वसाधारण र व्यवसायीहरू पनि भारतीय बजारमा किनमेल गर्न बढि रुचाउँछन्। तर सरकारले सीमाबाट ल्याउने सामानमा कडाइ गरेपछि विशेषगरी मझौला व्यवसायीहरू बढी असन्तुष्ट छन्।

जनकपुरधाम-४ का स्थानीय व्यवसायी गोपाल साह भन्छन्,'सरकारले लगाएको विभिन्न करहरूका कारण महँगी बढेको छ, व्यापार झन बिग्रिदाँ अवस्थामा पुगेको छ। सरकारले साना व्यापार गर्नेहरूका लागि सोच्नुपर्ने आवश्यकता छ।'

साहका अनुसार सरकारले गरीबहरूको वस्ती तोड्नुभन्दा पहिला अन्यत्र व्यवस्था मिलाएर स्थानान्तरण गरेको बेस हुन्थ्यो। पहिला वस्ती तोडेर अनि मात्र अर्को स्थानमा लैजानु गलत भएको उनको भनाइ छ।

यता, जनकपुरधामका सामाजिक अभियन्ता एवम युवा सशील कर्ण रास्वपा नेतृत्वको सरकारसँग व्यापक असन्तुष्टि भए पनि अपेक्षा पनि उत्तिकै रहेको बताउँछन्। उनले शिशु जन्मेको तीन महिनामा उसको भविष्यबारे बताउन नमिल्ने उदाहरण दिँदै सरकारलाई अहिले अझ काम गर्न दिनुपर्ने बताए।

सरकारले गरेका केही निर्णयहरू भने गलत भएको अयिभन्ता कर्णको भनाइ छ। उनले विद्युत्मा लगाइएको करको विरोध गरेका छन्। आगामी दिनमा शिक्षा, स्वास्थ्य, भ्रष्टाचार न्यूनीकरणमा सरकारले गम्भिर भएर काम गरोस् भन्ने कर्णको अपेक्षा रहेको छ।

त्यस्तै, जानकी चोकका नवीन कुमार साह सरकारको कामकाजबारे अहिले नै कुनै टिप्पनी गर्ने समय नआएको बताउँछन्। उनले सरकारको कामको समीक्षा गर्न अझै कामहरू हेर्नुपर्ने बताए।

नेपालको संविधान विश्वकै सबैभन्दा राम्रो संविधान भनिएकोमा यो कागजमा मात्र सीमित रहेको स्थानीय साहको भनाइ छ। उनले सबैभन्दा धेरै भ्रष्टाचार नेपालमै हुने गरेकाले यसको नियन्त्रण कसरी हुन्छ हेर्न बाँकी रहेको बताए।

त्यस्तै, जनकपुरधाम २ का स्थानीय रामबाबु यादव सरकारको प्रशासनिक कार्यहरू राम्रो रहेको बताउँछन्। बजेट निर्माणलगायतका प्रशासनिक कार्यहरूमा सरकारले राम्रै काम गर्दै आएको यादवको भनाइ छ।

तर मधेश प्रदेशलाई केन्द्रित गरेर सरकारले अझ: बढी कामहरू गर्नुपर्ने उनको भनाइ छ। रास्वपाका नेताहरूले प्रदेश खारेजीको कुरा गर्नु नराम्रो रहेको उनको भनाइ छ। प्रदेश खारेजीको कुरा गरे रास्वपाको पतन हुनेमा कुनै शंका नरहेको स्थानीयवासी यादव बताउँछन्। नेपाल न्यूज बैंक

# लहानका सामुदायिक विद्यालयलाई स्मार्ट बोर्डसहित शैक्षिक सामग्री हस्तान्तरण




**अपन दैनिक संवाददाता**
**सिरहा, असार २० गते**

सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउँदै गुणस्तरीय पठनपाठनका लागि सिरहाको लहान नगरपालिकाले स्मार्ट बोर्डसहित शैक्षिक सामग्री वितरण गरेको छ। संघीय सरकारको एक करोड २७ लाख रुपैयाँ विशेष अनुदानको बजेटबाट लहान १२, १५ र २४ नं. बाहेकका वडाका आधारभूत र मावि तहका विद्यालयलाई ३७ थान स्मार्ट बोर्ड, ३२२ थान बेन्च, १८-१८ हजार थान कापी र पेन्सिल वितरण गरिएको हो । त्यसबाहेक अंग्रेजी माध्यममा पठनपाठन भइरहेको मावि पडरिया थारुटोल (लहान १२) र लक्ष्मण ललिता मावि रघुनाथपुर (लहान ३) लाई ३२-३२ थान सिसिक्यामेरा उपलब्ध गराइएको शिक्षा शाखाका अमिरी यादवले जानकारी दिए।

आधारभूत तहका विद्यालयमा बालकक्षा व्यवस्थापनसहित तल्लो कक्षादेखि नै सूचना प्रविधिमैत्री पठनपाठनमा जोड दिँदै गरिब विपन्न परिवारका विद्यार्थीलाई लक्षित गरी कापी पेन्सिल उपलब्ध गराइएको उनले बताए । 'गत आर्थिक वर्ष ०८१/८२ मा नमुनाका लागि पाइलट परियोजनाको रूपमा नगर क्षेत्रका ११ वटा विद्यालयमा उपलब्ध गराउँदै गएको कापी-पेन्सिल यसपल्ट नगर क्षेत्रका सबै विद्यालयलाई उपलब्ध गराउँदै छौँ,' उनले भने।

**सामाजिक विकास र सुशासनमा फड्को**

स्मार्ट बोर्डसहितका शैक्षिक सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख महेशप्रसाद चौधरीले गरिब, किसान मजदूरका छोराछोरीले पनि सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा पाउन सकून् भन्ने उद्देश्यले नगरपालिकाले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको बताए । 'विकासको नाममा ठूलठूला भवन र फराकिलो सडक बनाउनुभन्दा सामुदायिक विद्यालयलाई आधारभूत तहदेखि नै प्रविधिमैत्री बनाउँदै गुणस्तरीय पठनपाठनका लागि नगरपालिका गम्भीर छ,' उनले भने।

आगामी आवको बजेटमा विशेष अनुदानअन्तर्गत प्राप्त हुने एक करोड ७५ लाख रुपैयाँ बजेट पनि सामुदायिक विद्यालयको सूचना प्रविधि पूर्वाधार र शैक्षिक सामग्रीमा लगानी गरिने उनले बताए । नगरका प्रमुख प्रशासकीय अधिकृत दुर्गाप्रसाद भुर्तेलले नगरले शिक्षामा उच्च लगानी गरेको चर्चा गर्दै त्यसले सामजिक विकासमा फड्को मार्नुका साथै सुशासन पनि राम्रो हुने भएकाले आगामी वर्षको बजेट त्यसमै केन्द्रित रहेको उल्लेख गरे।

'डिजिटल पूर्वाधारले विद्यालयलाई नयाँ खोज र अनुसन्धानमा आधारित शिक्षण सिकाइसँग जोड्छ,' उनले भने, 'त्यसले बालबालिकालाई विद्यालयमा टिकाउन, नियमितताको वातावरण बनाउन र सिकाइ उपलब्धि बढाउन सघाउँछ ।' त्यसका लागि स्थानीय समुदायसँग पनि निरन्तर सहकार्य गर्नुपर्नेमा जोड दिँदै उनले त्यसले दिगो शैक्षिक विकासमा योगदान पुर्‍याउने धारणा व्यक्त गरे।

नगर उपप्रमुख रामचरित्र महतोले नगरको शैक्षिक विकासका लागि प्राप्त स्रोत र साधनको अधिकतम उपयोग गरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्न आग्रह गरे। 'त्यसबाहेक विद्यार्थीको सरसफाइमा पनि ध्यान दिन जरुरी छ,' उनले भने। मावि झिरहरी गोविन्दपुरका प्रधानाध्यापक नारायणप्रसाद साहले प्राय: गरिब विपन्न परिवारका विद्यार्थी पढ्ने सामुदायिक विद्यालयलाई नगरपालिकाले गरिरहेको सहयोगले सिकाइ उपलब्धि र विद्यालय तहको वार्षिक परीक्षाको नतिजामा उल्लेखनीय सुधार भएको औंल्याए।

नगर शिक्षा शाखाका अनुसार नगर क्षेत्रमा पर्ने २४ वटा वडामा १५ मावि तह, सात वडा कक्षा आठसम्म पढाइ हुने आधारभूत र ३७ वटा कक्षा पाँचसम्मको आधारभूत तह गरी ५९ वटा समुदायिक विद्यालय सञ्चालनमा छन्।

# असार मसान्तभित्र संविधान संशोधन बहसपत्र सरकारलाई बुझाइने

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २० गते**

संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलले असार मसान्तभित्र सरकारलाई प्रतिवेदन बुझाउने बताएको छ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम साहले यसबारे जानकारी दिएका हुन्।

नयाँ सरकार बनेको सय दिन पुगेको अवसरमा सिंहदरबारमा शनिवार आयोजित पत्रकार सम्मेलनका क्रममा उनले संविधान संशोधनको मस्यौदा तयार गर्ने कार्यदलले आफ्नो काम गरिरहेको बताउनु भयो।

'संविधान संशोधनको मस्यौदा तयार गर्ने कार्यदलले आफ्नो काम गरिरहेको छ। यसमा अब असारको मसान्त भित्रमा यसको प्रतिवेदन बुझाउने सम्माननीय प्रधानमन्त्री समक्ष बुझाउने हाम्रो कार्यक्रम रहेको छ,' उनले भने, 'हामीले विभिन्न सरोकारवाला निकाय, संविधानविद्देखि लिएर सबै जनासँग हामीले छलफल गरेका छौं। विभिन्न राजनीतिक दलहरूसँग छलफल गरिरहेका छौँ र अब हामी एउटा लगभग प्रतिवेदन लेखन-लेखन तिरको अवस्थामा आइपुगेका छौँ र त्यो तयार भइसकेपछि हामीले यसको जानकारी गराउँछौं।'




संयोजक साहले प्रतिवेदन लेखनको चरणमा कार्यदल प्रवेश गरेको पनि बताए।

## हुण्डी कारोबार ..........

रूपमा रोक्न नसकिएको देखिन्छ।

पर्सा प्रहरी प्रवक्ता डीएसपी राजु कार्की खुला सीमाको दुरुपयोग गर्दै हुने अवैध वित्तीय कारोबार नियन्त्रणका लागि निगरानी र अनुसन्धानलाई थप प्रभावकारी बनाउने बताउँछन्।

## कागजी प्रमाणकै .........

रेग्मी, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरू लगायत कानुन क्षेत्रका सरोकारवालाको सहभागिता थियो।

## सिरहा-धनुषा जोड्ने कमल पुलको बारेमा ...............

त्यो पुल अझै निर्माण हुन सकेको छैन।

निर्माण भएको पुल भासिएपछि त्यसलाई पुन: निर्माण गर्न सिराहा र धनुषाका जनताले अबाज उठाउँदै आएका छन् । सरकारले पनि आश्वासन दिँदै आइरहेको छ। तर पुल अझै निर्माण नभएको हुलाकी सडक सङ्घर्ष समितिका संयोजक रामरिझन यादवले बताए।

कमला पुल निर्माणका लागि दवाब दिन यो कवि सम्मेलनको आयोजन गरिएको बताउँदै उनले यो कवि सम्मेलनमा देशैभरका कविलाई आह्वान गरिएको छ।

कमला नदीको मात्र नभई झापाको कन्काई नदीमा १५ वर्षदेखि बनिरहेको पुलको अवस्था पनि उस्तै छ। यस्तै सर्लाही र रौतहट जोड्ने बागमती पुल तथा चितवन र नवलपरासी जोड्ने नारायणी नदीको पुल पनि अझै बन्न सकेको छैन।

यता सिरहा खण्डमा पर्ने सहजा खोलाको पुल ५ वर्षदेखि अलपत्र अवस्था छ। धनुषा खण्डको अवस्था झनै दयनीय रहेको संयोजक यादवले बताए।

हुलाकी सडक र यसका पुलहरूको "दशा, दिशा र दुर्दशा" लाई मुख्य विषयवस्तु बनाएर आयोजना हुन लागेको यस सम्मेलनमा हुलाकी सडकले छुने झापादेखि कञ्चनपुरसम्मका तराईका १९ वटै जिल्लाका कविहरूलाई लिखित रूपमा निमन्त्रणा गरिएको छ। अन्य जिल्लाका कविहरूलाई पनि विभिन्न माध्यमबाट सहभागी हुन आह्वान गरिएको छ।

सिरहा जिल्लाका हकमा सबै माध्यमिक विद्यालय तथा क्याम्पसहरूलाई पत्राचार गरी आ-आफ्नो शैक्षिक संस्थामा प्रतिस्पर्धा गराएर उत्कृष्ट तीन प्रतिस्पर्धीलाई सहभागी गराउन अनुरोध गरिएको संयोजक यादवले बताए । जसमध्ये विद्यालयबाट एक जनाले मात्र कविता पाठ गर्न पाउनेछन्।

प्रतियोगितामा उत्कृष्ट हुने आठ जना विद्यार्थीहरूलाई पुरस्कार र प्रशंसा-पत्र प्रदान गरिनेछ। प्रथम पुरस्कार पाँच हजार राखिएको छ भने द्वितीय पुरस्कार तीन हजार, तृतीय पुरस्कार दुई हजार र सान्त्वना पुरस्कार पाँच जनालाई एक हजार प्रति व्यक्ति प्रदान गरिने आयोजकले जनाएको छ।



# मधेश प्रदेशमा थरीथरीका आवास योजना : प्राथमिकता दलीयनिकटता

अपन दैनिक संवाददाता
सिरहा, असार २० गते

संघीय सरकारले हस्तान्तरण गरेका जनता आवास कार्यक्रमसँगै मधेश प्रदेश सरकारले पछिल्लो समय नेताका नामबाट नयाँनयाँ आवास कार्यक्रम अघि सारेको छ। मधेश प्रदेशले कांग्रेस नेता महेन्द्रनारायण निधिको नाम जोडेर 'महेन्द्रनारायण निधि विपन्न आवास योजना' र एमालेका नेता मदन भण्डारीको नाम जोडेर 'विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम' योजना अघि बढाएको छ। त्यसैगरी, मुख्यमन्त्री सुरक्षित आवासका नाममा अर्को योजना छ।

कांग्रेसका रामसरोज यादव भौतिक पूर्वाधारमन्त्री भएपछि कांग्रेस नेता निधिको नामबाट आवास कार्यक्रम सुरु गरिएको थियो। त्यसपछि एमालेका सरोज यादव भौतिक पूर्वाधारमन्त्री भएपछि एमालेका नेता मदन भण्डारीको नामबाट आवास कार्यक्रम सुरु गरिएको हो।

यसरी नेताका नाममा सुरु गरिएका विपन्न आवास योजना आ-आफ्ना दलनजिकका व्यक्तिलाई आवास उपलब्ध गराउने माध्यम भएको छ। यी कार्यक्रममा प्रदेश सांसदले नै दलनिकटका कार्यकर्तालाई आवास उपलब्ध गराउने गरेका छन्। सिरहाको नरहा गाउँपालिका-१ देवीपुरका ज्ञानकुमार रामलाई विपन्नसँग मदन भण्डारी आवास कार्यक्रमअन्तर्गत आवास उपलब्ध गराएको छ। आव ०८१/८२ को बजेटअन्तर्गत आवास उपलब्ध गराइएको थियो। आवास वितरण गर्ने समितिको संयोजक थिइन्, जनता समाजवादी पार्टीकी प्रदेश सांसद संजिला यादव। जसपाका कार्यकर्ता ज्ञानकुमार सांसद यादवकै सिफारिसमा छानिएका थिए।

सोही कार्यक्रमअन्तर्गत छानिएका अर्का लाभग्राही हुन्, जनमत पार्टीका कार्यकर्ता औरही गाउँपालिका-४ का दीपेन्द्रकुमार पासमान, औरही गाउँपालिका-४ खजनपुरकी सीतादेवी यादवको घर महेन्द्रनारायण निधि विपन्न आवास योजनाअन्तर्गत बनाएको छ। उनी कांग्रेसका सक्रिय कार्यकर्ता हुन्। धनगढीमाई नगरपालिकाकी इन्दुल सदाको घर पनि महेन्द्रनारायण निधि विपन्न आवास योजनाअन्तर्गत बनाइएको हो। तर, उनी माओवादी कार्यकर्ता हुन्।



आवास नभएका, तर राजनीतिक पहुँच नपुग्नेहरू सुरक्षित आवास कार्यक्रमबाट विमुख हुनुपरेका उदाहरण छन्। सिरहा नगरपालिका-१७ की ४० वर्षीया निर्मला सदाको परिवार बाँस र खरले बारेको कच्ची घरमा बसेको वर्षौं भएको छ। कतिसम्म भने कच्चीघरमा विद्युत्को लाइन नजोडिदिँदा उनको परिवार अन्धकारमा बस्न बाध्य छ। जुन घरमा निर्मलाको परिवारका ६ जना बस्छन्। सिरहा नगरपालिका-१९ सन्हैठाका चन्दा सदायसहित ४२ मुसहर परिवार कच्ची घरमा बस्दै आएको छ।

जनता आवासअन्तर्गत सिराहामा ४८८ वटा आवास योजना अघि सारिएको थियो। आव ०७८/७९ मा सुरु गरिएको आवास योजनामा ४८८ लाभग्राहीसँग सरकारी आवास दिने गरी सम्झौता गरियो। सम्झौतापछि नयाँ जस्तापातासहितको पक्कीघर निर्माण गर्ने भन्दै घर भत्काउन लगाइएको थियो। लाभग्राहीले पनि नयाँ घरमा बस्न पाउने आशामा पुरानो घर धमाधम भत्काउन थाले। तर, अहिलेसम्म उनीहरूको आवासको टुंगो छैन।

पूर्वाधार विकास कार्यालय सिरहाका सबइन्जिनियर जिवछकुमार यादवले चालू आव ०८२/८३ सम्ममा १५० घर मात्र पूरा हुने लक्ष्य भएको बताए। लाभग्राहीको घर भत्काए पनि बजेट अभावले बनाउन नसकिएको उनले स्विकारे। ४८८ मध्ये अझै ३३८ आवास बन्न बाँकी रहेको उनले बताए।

महेन्द्रनारायण निधि विपन्न आवासमा पनि बजेटको समस्या देखिन्छ। आव ०७९/८० मा सुरु भएको आवास योजनामा आव ०८०/८१, ०८१/८२ र ०८२/८३ मा प्रदेश सरकारले बजेट नछुट्याएको सबइन्जिनियर यादवले बताए। आव ०७८/७९ मा करिब अढाई करोड बजेट विनियोजन गरेपछि ४४ वटा आवास निर्माण गर्ने सम्झौता भएको थियो। तर, पछि बजेटले निरन्तरता नपाएपछि ती आवास अझै पूरा भएको छैन।

आव ०८१/८२ बाट सुरु भएको विपन्नसँग मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत सिराहा जिल्लाका लागि एक करोड रकम छुट्याइएको थियो। सिरहामा आव ०८१/८२ मा १७ वटा र चालू आव ०८२/८३ मा विनियोजन गरिएको एक करोडमा १४ वटा आवास सम्झौता गरिएको छ। सम्झौताअनुसार दुई आर्थिक वर्षमा ३१ वटा आवास पूरा हुनुपर्ने थियो। तर, चालू आवको अन्त्यसम्ममा १६ वटा पूरा गर्ने पूर्वाधार विकास कार्यालय सिरहाको लक्ष्य छ।

जनता आवास कार्यक्रमअन्तर्गत प्रतिआवासका लागि तीन लाख ६० हजार छुट्याइएको छ भने महेन्द्रनारायण निधि आवासका लागि पाँच लाख ५० हजार र मदन भण्डारी आवासका लागि पाँच लाख ६० हजार विनियोजन गरिएको छ। यसबाट विपन्न, दलित, गरिब, एकल महिलामाथि देखिने गरी विभेद हुन पुगेको छ। जनता आवास योजनाअन्तर्गत जस्तापाताले छाएका दुईवटा कोठा बनाउने व्यवस्था छ। कोठाको भुइँ र भित्तामा प्लास्टर गरिएको छैन। तर, महेन्द्रनारायण निधि आवास योजनामा प्लास्टरसहित रंगरोगन गरिएका दुईवटा कोठा, भान्छाघर र शौचालयको राम्रो व्यवस्था छ। यसका साथै चापाकलको पनि प्रबन्ध छ। यस्तै, मदन भण्डारी विपन्न आवासमा पनि प्लास्टरसहित रंगरोगन गरिएका दुईकोठा, भान्छाघर र शौचालयको बन्दोबस्ती छ।

## सरकारले सय दिनमा नीतिगत सुधार र सुशासनमा ..............

पोखरेलले सम्पत्ति शुद्धीकरणसम्बन्धी विभागले सातवटा मुद्दा दायर गरी १ सय १ जना प्राकृतिक तथा कानुनी व्यक्तिहरुलाई प्रतिवादी बनाई १ सय १८ अर्बको बिगो दाबी कायम गरिएको बताए।

बैंक खाता, डिजिटल वालेट, सेयर लगानीलगायतलाई एकीकृत डिजिटल सम्पत्ति निगरानी प्रणालीमा ल्याउने तयारी भएको र दुई लाखभन्दा बढी अवैध सट्टेबाजी वेबसाइट तथा डोमेन बन्द गरिएको दाबी पनि उनले गरे।

प्रशासनिक पुनःसंरचना र मितव्ययिताको क्षेत्रमा सरकारले प्रशासनिक संरचनालाई चुस्त बनाउन अनावश्यक बोर्ड, समिति र निकाय खारेज, गाभ्ने तथा पुनःसंरचना गर्ने अभियान सुरु गरेकालाई उल्लेख्य उपलब्धिका रुपमा व्याख्या गरेको छ। हालसम्म ३१ निकाय खारेज, ६ वटा विभाग मर्जर, ६ वटा निकाय हस्तान्तरण र १८ निकाय पुनःसंरचनाको प्रक्रियामा लगिएको मन्त्री पोखरेलले पत्रकार सम्मेलनमा जानकारी दिए।

उनले २२ वटा मन्त्रालयलाई १८ वटामा सीमित बनाउँदा वार्षिक २० अर्ब व्ययभार बचत भएको, सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयमा थप प्रतिस्पर्धा एवं स्वच्छता कायम गरी सुशासनको प्रत्याभूति दिन सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक संसद्मा पेस भएको विषयलाई पनि उल्लेख्य उपलब्धिका रुपमा चित्रण गरेका छन्।

सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन नागरिकता, राहदानी, सवारी चालक अनुमति पत्रलगायतका सेवा घरदैलोमा पुऱ्याउने अभियान सुरु गरिएको, ७५ जिल्लामा हुलाकमार्फत नागरिकता तथा राहदानीसम्बन्धी सेवा विस्तार गरिएको, चालक अनुमति पत्र घरमै पुऱ्याउने व्यवस्था सुरु गरिएको तथा स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चित गर्न पहिलो पटक 'स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड-२०८३' जारी गरिएको मन्त्री पोखरेलले उल्लेख गरे।

सरकारले सार्वजनिक सेवालाई पूर्ण रूपमा डिजिटल बनाउने लक्ष्यसहित धेरै सुधार अघि बढाएको जनाएको छ। राहदानीमा अनलाइन प्रि-इन्रोलमेन्ट र अपोइन्टमेन्ट प्रणाली लागू गरिएको, बैंक तथा वित्तीय संस्थाबाट धितो रोक्का-फुकुवा अनलाइन अनिवार्य गरिएको, नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र, स्थायी लेखा नम्बरलगायतका प्रमाणपत्र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको, कम्पनी दर्ता, कर प्रशासन, अध्यागमन, नापी तथा मालपोतका सेवा पनि क्रमशः अनलाइन प्रणालीमा आबद्ध गरिएको उल्लेख गरिएको छ।

अपन दैनिक
○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# मधेश सरकार टुक्रे र खुद्रे योजनाको भुमरीमा

अपन दैनिक संवाददाता
जनकपुरधाम, असार २० गते

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को लागि ल्याएको बजेटमा खुद्रे र टुक्रे योजना नियन्त्रणको नीतिसहित बजेट ल्याएको छ। मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले जेठ १५ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रम र असार १ गते ल्याएको बजेटको तारतम्य नै मिलेको छैन।






मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णकुमार यादव नेतृत्वको सरकारलाई विश्वासको मत दिनुअघि आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा एक करोडभन्दा कमका योजना समावेश नगर्ने तीन दलीय प्रतिबद्धता तोडेर अर्थमन्त्री भट्टराईले खुद्रे र टुक्रे योजनालाई निरन्तरता दिएका छन्।

उपभोक्ता समितिमार्फत हुने विकास निर्माणमा अंकुश लगाउने तथा अधुरा तथा अपूरा योजनालाई प्राथमिकताका आधारमा छुट्टै शीर्षक बनाएर बजेटमा समावेश गर्ने सम्झौताविपरीत एउटै बजेटको टोकरी खुद्रे तथा टुक्रे योजना ल्याएपछि सरकार सञ्चालक दलबीच असमझदारी बढेको छसाथै गत जेठ १२ गते तीन दलीय सहमतिअनुसार मन्त्रालयको संख्या १२ बाट घटाएर ९ मा ल्याउने सन्दर्भमा समेत बजेट चुकेको छ।

सम्झौतामा ९ मन्त्रालयमा झार्ने निर्णय गरे पनि यथास्थितिमा बजेट मन्त्रालयगत रूपमा छुट्टयाइएको छ। मधेश सरकारको रातो किताबमा एक हजारदेखि लाख र करोडसम्मको शीर्षकमा योजना समाविष्ट गरिएका छन्।

अन्य वर्षको तुलनामा खुद्रे योजना कम भए पनि एउटै शीर्षकमा चार-पाँच योजना समावेश हुनु टुक्रे र खुद्रे योजनाजस्तै भएको जसपाका सांसद उपेन्द्र महतोको भनाइ छ। टुक्रे योजना निरुत्साहित गर्ने भन्ने यो सरकारले टुक्रेयोजना भद्रगोल अवस्थामा ल्याएर असक्षमताको प्रमाण दिएको बताए। यसले जनतामा वितृष्णा उत्पन्न गरेको उनको आरोप छ।

मधेशको पूर्वमुख्यमन्त्री लालबाबु राउत गद्दीले यो सरकारको नेतृत्व गर्ने मान्छे नै बेइमान भएको आरोप लगाए। उनले भने, 'आफ्नो क्षेत्रमा करोडौं, करोडको योजनाहरू लगिएको छ। यो सरकार यति पूर्वाग्रही हिसाबले बजेट ल्याएको देखिन्छ। एक करोडको एकवटा योजना ल्याउनुस् भनेर हामीले भन्यौं। जुन योजनाको काम देखिन्छ। अधुरो योजनाहरूलाई मन्त्रालयको सम्बन्धित कार्यालयबाट रिपोर्ट लिएर काम सम्पन्न हुने गरी योजना राख्नुस् भनियो, तर त्यो भएन्।'

नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले मधेश सरकारले ल्याएको बजेट पुस्तिका र रातो किताबमा तारतम्य नभएको बताए। बजेट पुस्तिका भनिएअनुसार एक करोडभन्दा कमको योजना नल्याउने र टुक्रे योजना नल्याउने हल्ला फिँजाए पनि टुक्रे र खुद्रे योजना भरमार छ। उनले भने, 'बजेट भाषण र कार्यक्रम पुस्तिकामा कहीं कतै तारतम्य नै मिल्दैन। भाषण एउटा र बजेट अर्कै छ। एकदम धेरै त्रुटि छ।'

डा. झाले एउटा शीर्षकमा एक्कै प्रकारको दुई-तीन कार्यक्रम राखेर टेन्डर प्रक्रियाबाट गर्न सकिने भए पनि एकभन्दा बढी जिल्लाको कार्यक्रम एउटै शीर्षकमा राख्नु, कामको वर्गीकरणबिनै हरेक प्रकारको काम एउटै शीर्षकमा राख्नु त्रुटिपूर्ण हो।

उनले भने, 'यो बजेट पूर्णरूपेण अव्यावहारिक हो।यो काम पुनः उपभोक्ता समितिमार्फत गर्ने मनसायले राखिएको देखिन्छ। गलत मनसायबाट ल्याइएको बजेटलाई पुनः संकल्प प्रस्ताव ल्याएर उपभोक्ता समितिमार्फत काम गराउने परिपाटीको निरन्तरता हुनेछ।'

उनले निर्लज्ज सांसदहरूले पुनः संकल्प प्रस्ताव पारित गरेर उपभोक्ता समितिमार्फत काम गराउने बजेट नै उपभोक्ता समितिलाई ध्यानमा राखेर ल्याइएको बताए।टुक्रे र खुद्रे योजना छँदैछ। प्रभावकारी हुन छाँटकाँट नै छैन।

योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. सोहन साहले मधेशमा अर्थमन्त्रीले बजेट सुधारमा केही राम्रो संकेत गरेको र पुरानो परम्पराहरूलाई तोड्दै कार्यक्रमको आकार ठूलो बनाउने प्रयासमा अर्थमन्त्रीले सफल भएको बताए। उनले भने, 'यसअघिको बजेटमा स्थानीय र प्रदेश सरकारको बजेटमा कुनै भिन्नता नै थिएन। तर यस वर्षको बजेटमा तुलनात्मक सुधार आएको छ। स्थानीय सरकारले कार्यान्वयन गर्न नसक्ने प्रदेश र प्रदेशले गर्न नसक्ने बजेट संघीय सरकारले गर्छ। यही अनुरूप मधेसका अर्थमन्त्रीले कम्तीमा एक करोडको योजना बनाउनु नै सकारात्मक पक्ष हो।'

उनका अनुसार अर्थ मन्त्रालयले कम्तीमा एक करोडको योजना ल्याउनुभन्दा मन्त्रालयगत रूपमा चार-पाँच वटा योजना जोडेर एक करोडको योजना ल्याइयो। जुन कार्यान्वयन गर्न प्राविधिक समस्या हुने बताए।

# मोरङ प्रशासनलाई गृहमन्त्रीको निर्देशन
# कागज बोकेर सेवाग्राही होइन, कर्मचारी कुद्नुपर्‍यो

अपन दैनिक संवाददाता
मोरङ, असार २० गते

गृहमन्त्री सुधन गुरुङले सरकारी कार्यालयमा सेवा लिन आउने नागरिकलाई सास्ती दिने परिपाटी तत्काल अन्त्य गर्न निर्देशन दिएका छन्।

शनिबार मोरङको जिल्ला प्रशासन कार्यालयको स्थलगत निरीक्षण गर्दै उनले प्रक्रियागत झन्झट हटाएर एकीकृत र जनमैत्री सेवा प्रवाह गर्न निर्देशन दिएका हुन्।

निरीक्षणका क्रममा मोरङका प्रमुख जिल्ला अधिकारी (सिडिओ) युवराज कट्टेललाई निर्देशन दिँदै गृहमन्त्री गुरुङले सरकारी कार्यालयमा नागरिकले दुःख पाउन नहुने बताए।

उनले भने, 'कागज लिएर सेवाग्राही कुद्ने होइन कि कर्मचारी कुद्नुपर्‍यो। एउटा झ्यालबाट कागजात बुझाएपछि सेवाग्राही फेरि अर्को दुलो वा कोठा चहार्न कुद्ने काम तत्काल बन्द हुनुपर्छ।'



विराटनगरको अत्यधिक गर्मीलाई मध्यनजर गर्दै गृहमन्त्री गुरुङले सेवाग्राहीलाई तातो घाममा लामबद्ध गराउनुको साटो शितलमा बस्ने व्यवस्था मिलाउन र तत्काल 'टोकन प्रणाली' लागू गर्न निर्देशन दिए।

सेवाग्राहीलाई दुःख दिएर नभई खुसी पारेर सेवा प्रवाह गर्नुपर्नेमा जोड दिँदै उनले उत्कृष्ट काम गर्ने कर्मचारीको मासिक रूपमा कार्यमूल्याङ्कन गरिने र काम नगर्नेलाई कारबाही गरिने चेतावनी दिए।

प्रशासन कार्यालयमा कर्मचारीका लागि सफा र सेवाग्राहीका लागि दुर्गन्धित शौचालय भेटिएको विषयमा गम्भीर आपत्ति जनाउँदै उनले यस प्रकारको विभेद तत्काल सच्याउन निर्देशन दिए।

यसैगरी, जोगबनी सीमा नाका, विराटनगर भन्सार र जिल्ला प्रहरी कार्यालयको समेत स्थलगत निरीक्षण गर्दै उनले प्रहरीको जीर्ण भौतिक पूर्वाधार र सीमा सुरक्षाको अवस्थाबारे जानकारी लिएका छन्।

प्रहरी कार्यालयका जीर्ण भवनहरूको समस्याप्रति सरकार गम्भीर रहेको र आवश्यक बजेट व्यवस्थापन गरेर निर्माण कार्यलाई प्राथमिकता दिइने मन्त्री गुरुङले बताए।

जिल्ला प्रशासन कार्यालयसँग पर्याप्त जग्गा रहेको पाइएपछि उनले प्राविधिकहरूसँग समन्वय गरी एउटै ठूलो हल र एउटै छानामुनिबाट सहजै एकीकृत सेवा दिने गरी भौतिक संरचनाको डिजाइन गर्न निर्देशन दिए।